आ.व.२०८२/८३ को असार मसान्तको

सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५ को उपदफा (३) बमोजिमको

विवरण देहाय अनुसार रहेको छ।

१. निकायको स्वरुप र प्रकृति : निक्षेप तथा कर्जा सुरक्षण कोष ऐन, २०७३ अन्तर्गत निक्षेप तथा कर्जा सुरक्षण गर्न स्थापना भएको गैर बैंकिङ वित्तीय संस्था हो ।

२. निकायको काम, कर्तव्य र अधिकार : यस कोषको काम, कर्तव्य र अधिकार निक्षेप तथा कर्जा सुरक्षण कोष ऐन, २०७३ ले निर्धारण गरे अनुसार हुनेछ।

३. निकायमा रहने कर्मचारी संख्या र कार्य विवरण : यस कोषमा स्थायी ६१ र करारमा १३ गरी जम्मा ७४ जना कर्मचारी कार्यरत रहेका छन् । कर्मचारीहरुको कार्य विवरण कोषको वेवसाइट www.dcgf.gov.np मा राखिएको छ ।

४. निकायबाट प्रदान गरिने सेवा : निक्षेप तथा कर्जा सुरक्षण कोष ऐन, २०७३ ले निर्धारण गरे अनुसार (१) बैंक तथा वित्तीय संस्थामा रहेको प्रति प्राकृतिक व्यक्तिको रु. ५ लाख सम्मको निक्षेप सुरक्षण गर्ने (२) कोषसँग सम्झौता गरी बैंक तथा वित्तीय संस्थाले साना तथा मझौला उद्यम क्षेत्र, कृषि क्षेत्र र लघु वित्त तथा विपन्न वर्ग लगायतका तोकिएको क्षेत्रमा लगानी गरेका कर्जा, शैक्षिक कर्जा तथा शैक्षिक बेरोजगार व्यवसाय कर्जा एवं निर्यात कर्जाको सुरक्षण गर्ने (३) कोषसँग सम्झौता गरी पशुधन क्षेत्रमा बैंक तथा वित्तीय संस्थाले लगानी गरी खरिद गरेका पशुधनको सुरक्षण गर्ने ।

५. सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारी : यस कोषमा ८ वटा विभाग र ८ वटा शाखा कार्यालयहरु रहेका छन् । कोषका व्यवस्थापकीय तथा कार्यकारी पदमा कार्यरत जिम्मेवार अधिकारीहरुको विवरण कोषको वेवसाइटमा हेर्न सकिन्छ ।

६. सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि : यस सम्बन्धी जानकारी कोषको वेवसाइटमा राखिएको छ ।

७. निर्णय गर्ने प्रक्रिया र अधिकारी : यस कोषको काम कारबाहीका सम्बन्धमा निर्णय गर्ने अधिकार कोषका प्रमुख कार्यकारी अधिकृतमा निहित रहेको छ। कोषसंग सम्बन्धित ऐन, नियमावली, विनियमावली, कार्यविधि, निर्देशिका, सञ्चालक समितिको निर्णय तथा प्रमुख कार्यकारी अधिकृतको निर्णयबाट तोकिएका कार्य गर्न अन्य कर्मचारीहरुले समेत तोकिएका विषयमा निर्णय गर्न सक्ने व्यवस्था रहेको छ। कोषको नीतिगत निर्णय लिने र व्यवस्थापनलाई निर्देशन गर्ने काम सञ्चालक समितिले गर्ने गर्दछ ।

८. निर्णय उपर उजुरी सुन्ने अधिकारी : प्रमुख कार्यकारी अधिकृतबाहेकको कर्मचारीलाई अधिकार प्रत्यायोजन भएको विषयको काम कारवाही सम्बन्धी निर्णयको उजुरी सुन्ने अधिकार प्रमुख कार्यकारी अधिकृतमा निहित रहने छ। प्रमुख कार्यकारी अधिकृतबाट भएको काम कारवाही सम्बन्धी निर्णयको उजुरी सुन्ने अधिकार संचालक समितिमा निहित रहने छ।

९. सम्पादन गरेको कामको विवरण : निक्षेप तथा कर्जा सुरक्षण कोष ऐन, २०७३ बमोजिम कोषले मुख्य रुपमा निक्षेप सुरक्षण र कर्जा सुरक्षणको कार्य गर्दै आइरहेको छ। कोषको सञ्चालक समिति तथा नेपाल सरकार, अर्थ मन्त्रालयबाट प्राप्त निर्देशन तथा प्रचलित नियमानुसार गर्नुपर्ने कार्यहरु समेत कोषले गर्दै आएको छ । यस सम्बन्धी जानकारी कोषको वेभसाइट, कोषका विभिन्न प्रकाशन तथा विभिन्न सञ्चार माध्यमबाट समेत प्रदान गर्ने गरिएको छ।

१०. कोषका प्रमुख कार्यकारी अधिकृतको नाम थर र ठेगाना : डिलाराम गिरी, काठमाडौं
फोन नं. ९८५११३१२८८

११. सूचना अधिकारीको नाम, थर र पद : श्री अच्युत पन्त
फोन नं. ९८५११४१९४७

१२. ऐन, नियम, विनियम वा निर्देशिकाको सूची : कोषलाई संचालन गर्न देहाय बमोजिम एउटा ऐन, ३ वटा नियमहरू, ६ वटा विनियमहरू र ३ वटा निर्देशिका तथा ५ वटा कार्यविधि जारी भएका छन् । त्यसको विवरण कोषको वेवसाइटमा हेर्न सकिने व्यवस्था गरिएको छ ।

- निक्षेप तथा कर्जा सुरक्षण कोष ऐन, २०७३
- निक्षेप सुरक्षण नियमावली, २०७५
- कर्जा सुरक्षण नियमावली, २०७५

- प्रमुख कार्यकारी अधिकृतको छनौट, सेवाको शर्त, पारिश्रमिक तथा अन्य सुविधा सम्बन्धी नियमावली, २०७५
- खरिद तथा आर्थिक प्रशासन विनियमावली, २०७३
- लगानी विनियमावली, २०७४
- लिलाम सम्बन्धी विनियमावली, दृण्ठघ
- कागजात धुल्याउने सम्बन्धी विनियमावली, २०७३
- कर्मचारी सेवा, शर्त सम्बन्धी विनियमावली, २०७४
- आन्तरीक लेखापरीक्षण कार्य निर्देशिका, २०७३
- जोखिम व्यवस्थापन निर्देशिका, २०७६
- सुशासन निर्देशिका, २०८१
- वैदेशिक भ्रमण व्यवस्थापन कार्यविधि, २०७५
- व्यवसाय प्रवर्द्धन कार्यविधि, २०७६
- घर वहालमा लगाउने सम्बन्धी कार्यविधि, २०७८
- कर्जा अपलेखन स्वीकृत कार्यविधि, २०८१
- कर्जा सुरक्षण तथा शुल्क असूली कार्यविधि, २०८१
- सुरक्षित कर्जाको क्षतिपूर्ति दाबी भुक्तानी विनियमावली, २०८१

१३. आम्दानी, खर्च तथा आर्थिक कारोवारहरु सम्बन्धी अद्यावधिक विवरण : यस कोषको आम्दानी र खर्च सम्बन्धी विवरण संचालक समितिले अनुमोदन गरी महालेखापरीक्षकबाट स्वीकृत भए पछि वेवसाइटमा राख्ने व्यवस्था मिलाइएको छ ।

१४. वेवसाइटको विवरण : www.dcgf.gov.np

१५. सार्वजनिक निकायले प्राप्त गरेको वैदेशिक सहायता, ऋण, अनुदान एवं प्राविधिक सहयोग र संझौता सम्बन्धी विवरण : यस कोषले हालसम्म कुनै वैदेशिक सहायता, ऋण, अनुदान लिएको छैन ।

१६. सार्वजनिक निकायमा परेका सूचनाहरु माग सम्बन्धी निवेदन र सो उपर सूचना दिएको विवरण : यस अवधिमा सूचना माग गरेर ७ वटा निवेदन परेकोमा छ वटाको प्रतिउत्तर दिइएको ।

१७. सार्वजनिक निकायका सूचनाहरु अन्यत्र प्रकाशन भएमा वा हुने भएको भए सोको विवरण : कोषसंग सम्बन्धित सूचनाहरु कोषको सूचना पाटीमा टाँसी कोषको वेवसाइट www.dcgf.gov.np मा राख्ने व्यवस्था गरिनुका साथै आवश्यकता बमोजिम विभिन्न सञ्चार माध्यमहरु तथा अर्धवार्षिक रुपमा प्रकाशन हुने कोषको बुलेटिन मार्फत सार्वजनिक गर्ने गरिएको छ ।

निक्षेप तथा कर्जा सुरक्षण कोष टंगाल,
काठमाडौं ।